

बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८०

नगरसभाबाट पारित भएको मिति :- २०८०।०३।०८ गते

बुद्धभूमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुडढी, कपिलवस्तु

लुम्बिनि प्रदेश, नेपाल

बुद्धभूमि नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०

प्रस्तावना:

बुद्धभूमि नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को अर्थ सम्वन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, उठाउने, करका दरहरुलाई घटाउने, बढाउने तथा समयानुकुल परिमार्जन गर्ने, छुट तथा सहुलियत दिने, करका दायराहरु विस्तार गर्न तथा राजस्व प्रशासनलाई पारदर्शी, जवाफदेही, जिम्मेवारी एवं न्यायपूर्ण बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुद्धभूमि नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन बुद्धभूमि नगरसभाले पारित गरेपश्चात २०८० साल श्रावण १ गते देखि बुद्धभूमि नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पत्ति कर :

बुद्धभूमि नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र अनुसूची (१.१), (१.२), (१.३) मा उल्लेखित जग्गा तथा संरचनाको मुल्यांकनको आधारमा अनुसूची (१.१), (१.२), (१.३) मा उल्लेख भए बमोजिमको दरमा सम्पत्ति कर तथा भूमि कर लगाईनेछ।

क) नगरपालिका क्षेत्र भित्र बनेका घर र सो घरले चर्चेको जग्गाको दोब्बर क्षेत्रफल सम्मको जग्गामा सम्पत्ति कर लगाईनेछ।

ख) यस दफाको प्रयोजनको लागि घर भन्नाले घर, गोदाम, हल, टहरा, सेड वा यस्तै संरचनालाई सम्झनुपर्नेछ।

ग) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउन भनि तोकिएका जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाईनेछ।

घ) भूमीकर (मालपोत) भन्नाले सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ।

ङ) आ.व. २०८०।०८१ का लागि सम्पत्ति कर तथा भूमीकर प्रयोजनको लागि घर र जग्गाको न्यूनतम मूल्यांकन दर तथा मूल्यांकित रकममा लाग्ने सम्पत्ति करको दर अनुसूची (१.१), (१.२), (१.३) बमोजिम हुनेछ।

च) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य समेतका आधारमा कायम गरिनेछ। भवन संरचनाको ह्रास कट्टी निम्नानुसारको दर (प्रतिशत) बमोजिम गरिनेछ।

संरचनाको आयु	संरचनाको किसिम				
	आर.सि.सि. भवन (आवासिय तथा व्यावसायिक)	लोड वियरिङ भवन (गारो भएका)	स्टिल फ्रेम स्टक्चर भएका ठुला भवन,	सामान्य ट्रस (पिलर भएका र नभएका)	कच्ची घर वा अन्य
१-३ वर्ष	५	५	५	१०	१०
४-६ वर्ष	७	७	७	१५	१५

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

७-९ वर्ष	१०	१०	१५	२०	२०
१०-१२ वर्ष	१५	१५	२२	३०	५०
१३-१५ वर्ष	२०	२०	३०	५५	५५
१६-१८ वर्ष	२५	२५	५५	६०	६०
१९-२१ वर्ष	३०	३०	६०	६५	६५
२२-२४ वर्ष	३५	३५	६५	७०	७०
२५-२७ वर्ष	४०	४०	७०	७५	७५
२८-३० वर्ष	४५	४५	७५	८०	८०
३१-३३ वर्ष	५०	५०	८०	८०	८०
३४-३६ वर्ष	५५	५५	८०	८०	८०
३७-४० वर्ष	६०	६०	८०	८०	८०
४१-४३ वर्ष	६५	६५	८०	८०	८०
४४-४६ वर्ष	७०	७०	८०	८०	८०
४७ -५० वर्ष	७५	७५	८०	८०	८०
५० वर्ष भन्दा माथी	८०	८०	८०	८०	८०

नोट : सम्पत्ति कर मूल्यांकन गर्दा घर र सो घरले चर्चेको जग्गाको न्यूनतम मूल्यांकनमा ह्रास कट्टी गरी बाँकी आउने रकमलाई नै न्यूनतम मूल्यांकित रकम मानी सम्पत्ति कर लगाईनेछ।

छ) देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा

ख) सरकारी अस्पतालको भवन र जग्गा

ग) गुठीको स्वामित्वमा रहेको जग्गा

घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा

ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएको संघ, संस्थाको घर र घरजग्गा

च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु

ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा

स्पष्टीकरण :

श्रेणी तोकिएका जग्गा तथा घडेरीहरुको हकमा श्रेणी अनुसार र नतोकिएको हकमा न्यूनतम १० मिटर मोहडाको एक कट्ठालाई आधार मानी प्रतिकट्ठाको न्यूनतम मूल्यांकन अनुसार करको दर प्रति लाख रु.२०।- कायम गरिएको छ।

३. **भुमिकर मालपोत (बक्यौता) :** बुद्धभूमि नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम आ.व.०७४।७५ सम्मको मालपोत कर र घर कर बक्यौता भए अनुसूची-२ मा उल्लेख अनुसारको कर, बक्यौता तथा सो वापत लाग्ने जरिवाना

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

समेत लगाईनेछ।

४. घर जग्गा बहालकर :

(१) बुद्धभूमि नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले बहालमा दिएकोमा घरजग्गा वहाल कर लिईनेछ। कुल रकमको १० प्रतिशतको दरले घरजग्गा बहाल कर लगाइनेछ। घरजग्गा बहाल कर सम्झौतामा उल्लेखित समयावधि मध्ये कम्तिमा एक चौथाई समयावधिले हुने रकम अग्रिम कर लिईनेछ।

(२) नगरपालिकाको स्वामित्वमा रहेका ग्रेडर, रोलर , पानी ट्याङ्की, व्याकहो लोडर (जे.सि.वि.), प्राविधिक सामाग्रीहरु भाडामा प्रयोग गरे बापत तथा बुद्धभूमि नगरपालिकाको सभाहलमा अनुसूची (३) बमोजिमको बहाल कर लगाइनेछ ।

५) व्यवसाय कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योग, व्यापार, व्यवसाय र सेवामा व्यवसायको प्रकृति, पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइनेछ । त्यसरी व्यवसाय कर संकलन नगरपालिकाले तोकेको बैंक तथा वित्तीय संस्थाहरु वा नगरपालिकाको राजश्व शाखा वा बुद्धभूमि उद्योग बाणिज्य संघ सँगको साझेदारीबाट समेत गर्न सकिनेछ।

स्पष्टिकरण: अनुसूची (४) मा उल्लेखित दररेट व्यवसाय कर प्रयोजनार्थ मात्र बुझ्नुपर्नेछ। व्यवसाय करमा उल्लेखित भएकै आधारमा मात्र उल्लेखित सबै व्यवसाय सम्बन्धित निकायको अनुमति, प्रकृया र मापदण्ड नपुगीकन दर्ता गर्न सकिनेछैन।

६) जडीबुटी, कवाडी र जीबजन्तु निकासी कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेका बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) मा उल्लेख भए बमोजिमको जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर लगाईनेछ। नगरपालिकामा उत्पादन भई नगर क्षेत्रभन्दा बाहिर निकासी हुने इट्टाहरूमा प्रति इट्टा रू. ०.१० (दश पैसा) मात्रका दरले निकासी कर लगाइने छ।

७) सवारी साधन कर :

प्रचलित कानुन बमोजिम नगर क्षेत्रभित्र सञ्चालन गर्ने गरी दर्ता भएका ई- रिक्सा, अटो रिक्सा (पेट्रोल, डिजलबाट चल्ने) जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईनेछ।

८) विज्ञापन कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र जडान भएका होडिङ बोर्ड, ग्लो साईन बोर्ड, भित्ते लेखन र व्यानरमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाईनेछ।

९) मनोरञ्जन कर :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (८) एवं प्रदेश सरकारबाट तोकिए बमोजिम मनोरञ्जन कर लगाईनेछ।

१०) बहाल बिटौरी शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका सार्बजनिक ऐलानी वा पर्ति जग्गा,

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

भवन, हाटबजार वा पसल, सडक वा बाटो किनारको पसल र विशेष मेलापर्वमा लगाईने सेवा शुल्क अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईनेछ।

नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा राखेका पसलहरुमा स्थानीय स्तरमा असुल हुँदै आएको दररेटमा नबढ्ने गरी नगर कार्यपालिकाले तोकेको दरमा शुल्क लगाउनेछ।

११) सवारी साधन पार्किङ्ग शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाईनेछ। साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले बुद्धभूमि नगरपालिकाबाट पुर्ब अनुमति लिएको हुनुपर्नेछ।

१२) सेवा शुल्क दस्तुर :

बुद्धभूमि नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएबमोजिम शुल्क लगाईनेछ।

१३) पर्यटन प्रवेश शुल्क :

बुद्धभूमि नगरपालिकाले तोकेका स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईनेछ।

१४) जरिवाना :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय सञ्चालन वा फोहरमैला गरेमा वा निर्माण सामाग्री राखि बाटो अवरुद्ध गरेमा ,बाटो क्षती हुने कार्य गरेमा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई अनुसूची (१३) बमोजिम जरिवाना लगाई असुल उपर गरिनेछ।

१५) घर जग्गा रजिष्ट्रेशन शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (१४) बमोजिम रजिष्ट्रेशन शुल्क लगाईनेछ।

१६) बन पैदावार बिक्री शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक बन उपभोक्ता समितिबाट बन पैदावार बिक्री गर्दा प्राप्त गर्ने रकमको १० प्रतिशतका दरले बन पैदावार बिक्री शुल्क लगाईनेछ।

१७) ढुङ्ग, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री शुल्क :

(१) अनुसूची (१५) बमोजिम प्रदेश सरकारले तोकेको न्युनतम दरभन्दा कम नहुने गरी नगर कार्यपालिकाले बजार मुल्यलाई समेत बिचार गरी नदीजन्य पदार्थको न्युनतम बिक्रि दर कायम गर्नेछ। माटोको न्युनतम दर प्रदेश सरकारले तोकेको दर तथा नगरकार्यपालिकाबाट स्वीकृत कार्यबिधिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमका बस्तु बिक्रीका लागि परिमाण तथा न्युनतम दर निर्धारण गरी ई- टेण्डर , बोलपत्र, दरभाउपत्र, डाक बढाबढको माध्यम अपनाईने छ।

तर माटोको हकमा स्थानीय आवश्यकता, उपलब्ध समय, बिक्री गर्ने परिमाण र परिस्थितिलाई बिचार गरी प्रदेश सरकारले तोकेको न्युनतम दरमा नघट्ने गरी बिक्री गर्न बाधा पर्नेछैन।

१८) फोहोरमैला व्यवस्थापन शुल्क :

बुद्धभूमि नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन बापत अनुसूची (१६) मा उल्लेखित शिर्षकहरुमा तोकिए

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

बमोजिम मासिक शुल्क तथा दररेट लगाईनेछ ।

१९) नगदी रसिद रद्द गर्न सक्ने : (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिदहरु रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरि राख्नु पर्नेछ ।

२०) ठेक्का आव्हान गर्न सक्ने : (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यालयले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सकिनेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्था भएमा बढीमा पाँच वर्ष तथा तालहरुको हकमा अधिकतम सात वर्ष सम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

२१) कर छुट दिन सकिने : (१) यस ऐन बमोजिम सम्पत्ति कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ ।

क) आर्थिक वर्ष २०८०।०८१ मा बुझाउनु पर्ने सम्पत्ति कर तथा भूमिकर २०८० आश्विन मसान्त भित्र बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिईनेछ ।

ख) आ.व. २०८०।०८१ मा एकल महिलाको नाममा रहेको सम्पत्ति तथा भूमिमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ ।

२) आ.व. २०८०।०८१ को व्यवसाय कर २०८० आश्विन मसान्त भित्रै बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिईनेछ ।

३) आ.व. २०८०।०८१ मा कृषि उपज उत्पादन तथा पशुपंछीपालन व्यावसायमा लाग्ने व्यवसाय कर २०८० आश्विन मसान्त भित्र बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

४) आ.व. २०८०।०८१ मा महिला मात्र सदस्य भएको सहकारी संस्थाको व्यवसाय कर २०८० आश्विन मसान्त भित्र बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

५) आ.व. २०८०।०८१ मा अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेको उद्योग व्यवसायमा लाग्ने व्यवसाय कर २०८० आश्विन मसान्त भित्र बुझाएमा १५ प्रतिशत छुट दिईनेछ ।

६) यस ऐन बमोजिम घरजग्गा बहाल कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुले आ.व. २०८०।८१ को घरजग्गा बहाल कर एकमुष्ठ वार्षिक अग्रिम रुपमा २०८० आश्विन मसान्तभित्र बुझाएमा कर रकमको ५ प्रतिशतले हुने रकम छुट दिईनेछ ।

७) बुद्धभूमि नगरपालिकामा स्थापना हुने तरकारी तथा फलफुल र पशुपंछि बजारको लागि आवश्यक पर्ने ट्रस निर्माण गर्दा लाग्ने नक्सापास दस्तुरको १० प्रतिशत छुट दिईनेछ ।

२१) कर तथा शुल्क संकलन कार्यविधि :

यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२२) अन्य व्यवस्था:

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

१) संघिय कानून/प्रदेश कानूनबाट व्यवस्था परिवर्तन भई आएमा सोही बमोजिम हुनेछ । सम्पत्ति कर लगाउँदा तोकिएको स्थानमा बनेको घर तथा संरचनाको निर्माण वर्ष/मूल्य करदाता स्वयंले कार्यालयबाट तोकिएको फर्मेट अनुसारको निवेदन मार्फत स्व-घोषणा गर्न सक्नेछन । तर कार्यालयलाई करदाताले गरेको स्व-घोषणा अस्वभाविक लागेमा प्राविधिक मार्फत स्थलगत नीरीक्षण गरि पुन मूल्यांकन गर्न सक्नेछ ।

यस नगरक्षेत्र भित्र रहेका सार्वजानिक ताल तलैया, पोखरी, पर्ति, ऐलानी जग्गाहरु तथा हाटबजारहरुको व्यवस्थापनका लागी ठेक्का प्रक्रियाबाट राजस्व संकलनका लागि व्यवस्था गरिनेछ ।

२३) यसै ऐन बमोजिम भएको मानिने : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

२४) नियम वा कार्यविधि बनाउन सक्ने :

(१) ऐनको उद्धेश्य कार्यन्वयन गर्न नगरपालिकाले आवश्यक नियम वा कार्यबिधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) बिभिन्न अनुसूचीमा उल्लेख गरिएको कर, दस्तुर, सेवाशुल्क वा दण्ड जरिबाना आदिमा कुनै शिर्षक छुटेको पाईएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर र सेवाशुल्क निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

२५) साबिक बमोजिम हुने :

यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिमनै हुनेछ।

२६) बाधा अड्काउ फुकाउ :

यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा बुद्धभुमि नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२७) खारेजी :

सार्विकमा बुद्धभूमी नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

२८) करका दरहरु संशोधन नहुने : यो ऐन लागु भएपछि सामान्यतया आर्थिक वर्ष २०८०।०८१ को बीचमा यस ऐनका अनुसूचीमा उल्लेखित करका दरहरु संशोधन गर्न सकिनेछैन । तर नगरसभाले यस ऐनका अनुसूचीमा छुटेका करको दायरा समावेश गर्न बाधा पर्नेछैन ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

अनुसूची (१.१)

दफा (२) संग सम्बन्धीत

सम्पत्ति कर

आ.ब. २०८०/०८१ का लागी सम्पत्ति कर तथा भूमि कर (मालपोत) प्रयोजनको लागी जग्गाको मुल्यांकन दर प्रति कट्ठा देहाय बमोजिम कायम गरिएको छ।

साविक महेन्द्रकोट गाविस हाल बुद्धभूमी न.पा. वडा नं १

क्र.स	जग्गाको क्षेत्रहरु र विवरण	न्यूनतम मूल्यांकन	मूल्यांकन रकम अक्षरमा	२०८०/०८१
१	गोरुसिङ्गे सन्धिखर्क सडकका दायाँबायाँका जग्गा	१२०००००	बाह्र लाख	२४०
२	कालोपत्रे सडक टिक्कर बुङ्ढी	१००००००	दश लाख	२००
३	अन्य कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु	७०००००	सात लाख	१४०
४	पथ्थरकोट बजार क्षेत्र का जग्गाहरु	६०००००	छ लाख	१२०
५	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु	३५००००	तीन लाख पचास हजार	७०
६	कच्चीसडकमा पर्ने जग्गाहरु	२०००००	दुई लाख	४०
७	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
८	खेतियोग्य जग्गाहरु	१५००००	एक लाख पचास हजार	३०
	साविक जयनगर गाविस हाल बुद्धभूमी न.पा. वडा नं २			
१	राजमार्गसंग जोडिएका जग्गाहरु ("क" र "ख" श्रेणीका घडेरीहरु, गोरुसिंगे क्षेत्र (५क) समेत)	२५०००००	पच्चीस लाख	५००
२	राजमार्गसंग जोडिएका जग्गाहरु (बडहरा क्षेत्र (९क))	१२०००००	बाह्र लाख	२४०
३	अन्य भित्रि कालोपत्रेव वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु / पुरेना, गोरुसिङ्गे, बकडरिया सडकसँग जोडिएका जग्गाहरु, "ग" श्रेणी का घडेरीहरु समेत	१००००००	दश लाख	२००
४	पुरानो राजमार्गसँग जोडिएका जग्गाहरु	५०००००	पाँच लाख	१००
५	ग्रावेल सडक सँग जोडिएका जग्गाहरु	३५००००	तीन लाख पचास हजार	७०
६	कच्ची सडकमा पर्ने जग्गाहरु	३०००००	तीन लाख	६०
७	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
८	खेतीयोग्य जग्गाहरू	१५००००	एक लाख पचास हजार	३०
	साविक दुविया गाविस हाल बुद्धभूमी न.पा. वडा नं ३			
१	बुङ्डी-टिक्कर कालोपत्रे सडकसंग जोडिएका जग्गाहरू	१००००००	दश लाख	२००

केशव कुमार
अधिकृत

२	बुड्डी-महुवावारी सडक	८०००००	आठ लाख	१६०
३	अन्य कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु	७०००००	सात लाख	१४०
४	अन्य ग्राभेल सडकसंग जोडिएका जग्गाहरु	३०००००	तीन लाख	६०
५	कच्ची बाटोसंग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
६	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
७	खेतीयोग्य जग्गाहरू	१०००००	एक लाख	२०
	साविक बुड्ढी गाविस हाल बुद्धभूमी न.पा. वडा नं ४			
१	बुड्ढी बिजगौरी सडकसंग जोडिएका जग्गाहरु	१००००००	दश लाख	२००
२	अन्य भित्री कालोपत्रे सडकसंग जोडिएका जग्गाहरु	५०००००	पाँच लाख	१००
३	भित्री ग्राभेल सडकहरुसंग जोडिएका जग्गाहरु	२५००००	दुईलाख पचास हजार	५०
४	कच्ची सडक सँग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
५	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
६	खेतीयोग्य जग्गाहरु	१५००००	एक लाख पचास हजार	३०
	साविक राजपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ५			
१	बुड्डी-प्रेमनगर-विजगौरी सडकसंग जोडिएका जग्गाहरु	७०००००	सात लाख	१४०
२	कालोपत्रे सडक तथा प्रकेटी, प्रेमनगर, अलिनगर सडकसँग जोडिएका जग्गाहरु	३५००००	तीन लाख पचास हजार	७०
३	ग्राभेल बाटोसंग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
४	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
५	खेतीयोग्य जग्गाहरू	१०००००	एक लाख	२०
	साविक महुवा गाविस हाल बुद्धभूमी न.पा. वडा नं ६			
१	बिजगौरी महाराजगंज सडकसंग जोडिएका जग्गाहरु	४०००००	चार लाख	८०
२	हरदासडिहवा-महुवा सडकसंग जोडिएका जग्गाहरु	३०००००	तीन लाख	६०
३	धनकौली-झोलुगे सडकसंग जोडिएका जग्गाहरु	२५००००	दुईलाख पचास हजार	५०
४	पि.सि.सी.संग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
५	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु	१७५०००	एकलाख पचहत्तर हजार	३५
६	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१५००००	एक लाख पचहत्तर हजार	३०
७	खेतीयोग्य जग्गाहरू	१०००००	एकलाख	२०
	साविक मानपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ७			
१	खैरेन्द्रपुर-महाराजगंज सडक	१००००००	दश लाख	२००

२	तकिया-मानपुर-डेरवा सडक	७०००००	सात लाख	१४०
३	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
४	कच्ची सडकसंग जोडिएका जग्गाहरु	१५००००	एकलाख पचास हजार	३०
५	खेतीयोग्य जग्गाहरु	१०००००	एक लाख	२०
साविक हरिहरपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ८				
१	डुमरा-हर्दौना पक्की सडकको दायाँबायाँ जोडिएका जग्गाहरु	९०००००	नौ लाख	१८०
२	कालोपत्रे सडक सँग जोडिएका जग्गाहरु (सैरहनिया देखि परसुरामपुर सडकको हरिहरपुरगाउँ दायाँवायाँका जग्गाहरु, हरिहरपुर पश्चिम डिहदेखि पचिगवा सडकमा पर्ने जग्गाहरु, हरिहरपुर पूर्व डिहदेखि मा.वि. निमडाँडाँ सडकको दायाँवायाँका जग्गाहरु)	५०००००	पाँच लाख	१००
३	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु	२०००००	दुई लाख	४०
४	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
५	खेतीयोग्य जग्गाहरू / बगर र नदि कटान क्षेत्रहरु	१०००००	एक लाख	२०
साविक वरकुलपुर गाविस हाल बुद्धभूमी न.पा. वडा नं ९				
क्र.स	जग्गाको क्षेत्रहरु र विवरण	न्यूनतम मूल्यांकन	मूल्यांकन रकम अक्षरमा	२०८०/०८१
१	राजमार्गसंग जोडिएका ("क" तथा "ख" श्रेणीका) जग्गाहरु	२५०००००	पच्चीस लाख	५००
२	राजमार्गसंग जोडिएका जग्गाहरु (चौवन्न देखी पश्चिम सिमाना सम्म)	१५०००००	पन्ध्र लाख	३००
३	भित्रि कालोपत्रे वा पिसिसि सडकसंग जोडिएका जग्गाहरु	१५०००००	पन्ध्र लाख	३००
४	डुमरा महाराजगंज सडकसंग जोडिएका सडकहरु	१५०००००	पन्ध्र लाख	३००
५	बस्ती विकासबाट वितरीत "ग" श्रेणीका घडेरीहरु	१००००००	दश लाख	२००
६	ईमिलिया देखि भरिया सडक सँग जोडिएका जग्गाहरु	१००००००	दश लाख	२००
७	ग्राभेल भित्री सडकसंग जोडिएका जग्गाहरु	७०००००	सात लाख	१४०
८	भरिया देखि अमवा, डुम्री, सूर्यपूरा सडक सँग जोडिएका जग्गाहरु	५०००००	पाँच लाख	१००
९	बस्ती विकासबाट वितरीत "घ" श्रेणीका घडेरीहरु	५०००००	पाँच लाख	१००
१०	कच्चीसडकसंग जोडिएका राजमार्गको ५०० मी भित्र	३०००००	तीन लाख	६०
११	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु (बैदलहवा, मैनहवा, गब्दहवा, धमौली, चमरसठ, अस्नरा, तीनघेरवा)	२०००००	दुई लाख	४०

१२	कच्चीसडकसंग जोडिएका राजमार्गको ५०० मी भन्दा टाढा	२०००००	दुई लाख	४०
१३	खेतीयोग्य जग्गाहरु राजमार्गभन्दा ५०० मी भित्र	२०००००	दुई लाख	४०
१४	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१७५०००	एक लाख पचहत्तर हजार	३५
१५	खेतीयोग्य जग्गाहरु राजमार्गभन्दा ५०० मी भन्दा टाढा	१०००००	एक लाख	२०
१६	बगर र नदी कटान क्षेत्रहरु	१०००००	एक लाख	२०

साविक धनकौली गाविस हाल बुद्धभूमी न.पा. वडा नं १०

क्र.स	जग्गाको क्षेत्रहरु र विवरण	न्यूनतम मूल्यांकन	मूल्यांकन रकम अक्षरमा	२०८०/०८१
१	बुड्ढी बिजगौरी सडकसंग जोडिएका जग्गाहरु	६०००००	छ लाख	१२०
२	रामघाट गोरुसिंगे सडकमा जोडिएका जग्गाहरु	५०००००	पाँच लाख	१००
३	विजगौरी महाराजगंज सडकसंग जोडिएका जग्गाहरु	४५००००	चार लाख पचास हजार	९०
४	अलिनगर चेतरादेही सडकसँग जोडिएका जग्गाहरु	४०००००	चार लाख	८०
५	धनकौली चेतरादेहि सडकसँग जोडिएका जग्गाहरु	४०००००	चार लाख	८०
६	ग्राभेल सडकसंग जोडिएका जग्गाहरु (लोहरौला-चेतरादेही सडक समेत)	१५००००	एकलाख पचास हजार	३०
७	चार पाङ्ग्रे सवारी साधन नजाने पि.सि.सि. सडकहरु	१२५०००	एक लाख पच्चीस हजार	२५
८	खेतीयोग्य जग्गाहरू	१०००००	एकलाख	२०

अनुसूची (१.२)

दफा (२) सँग सम्बन्धित

आ.व. २०८०।०८१ का लागि सम्पत्ति कर प्रयोजनका लागि घर/संरचनाको न्यूनतम मूल्यांकन देहाय बमोजिम गरिनेछ।

क्र.स.	संरचनाको किसिम	मूल्यांकन रकम प्रति वर्गफुट
१	आर.सि.सि. व्यावसायिक घर २०७४ साल भन्दा पछि बनेको भएमा	२०००
२	आर.सि.सि. व्यावसायिक घर २०७४ साल भन्दा पहिले बनेको भएमा	१८००
३	आर.सि.सि. आवासीय घर २०७४ साल भन्दा पछि बनेको भएमा	१८००
४	आर.सि.सि. आवासीय घर २०७४ साल भन्दा पहिले बनेको भएमा	१६००
५	लोड वियरिङ भवन आवासीय/व्यावसायिक	८००
६	आर.सि.सि. विद्यालय, संघसंस्था, अस्पताल आदी	२०००
७	पिलर (आर.सि.सि. र स्टील) भएको ट्रस	१०००
८	स्टिल फ्रेम स्टक्चर भएका ठुला भवन, कारखाना तथा भवन ऐन बमोजिम (क) बर्गका संरचना	१८००
९	पिलर नभएको ट्रस	५००
१०	कच्ची घर खरको छाना सहितको घर/ अन्य	३००
११	गाईभैँसी, पशुपंछि पालन गर्ने गोठ टहरा/अन्य	२५०

अनुसूची (१.३)

दफा (२) सँग सम्बन्धित

आ.व. २०८०।०८१ का लागि सम्पत्तिकर प्रयोजनका लागि प्रत्येक करदाताको जग्गा र जग्गामा बनेको संरचनाको मुल्यांकित रकममा देहाय बमोजिम हुनेगरी करको गणना गरिनेछ।

क्र.स.	रु. देखि	रु. सम्म	करको दर	कैफियत
१	०१	१० लाख	एकमुष्ठ रु ५०।	
२	१० लाख १	२० लाख	०.०११	(प्रतिशत) कूल मूल्यांकित रकमको एकमुष्ट रुपमा
३	२० लाख १	५० लाख	०.०१५	
४	५० लाख १	१ करोड	०.०२३	
५	१ करोड १	२ करोड	०.०२७	
६	२ करोड १	५ करोड	०.०२९	
७	५ करोड १	१० करोड	०.०३१	
८	१० करोड १	२० करोड	०.०३३	
९	२० करोड १	४० करोड	०.०३५	
१०	४० करोड १	१ अरब	०.०४०	

अनुसूची (२)

दफा (३) संग सम्बन्धीत

भूमिकर/मालपोत (बक्यौता)		
क्र.स	बिवरण	आर्थिक वर्ष ०८०/०८१
१	न्युनतम ५ कठ्ठा सम्मको	३५.
२	५ कठ्ठा भन्दा बढि १ बिघा भन्दा कम प्रति कठ्ठा	१०.
३	१ बिघा भन्दा बढि ३ बिघा भन्दा कम प्रति कठ्ठा	१२.
४	३ बिघा भन्दा बढि १० बिघा भन्दा कम प्रति कठ्ठा	१५.
५	१० बिघा भन्दा माथी प्रति कठ्ठा	१७.
६	बस्ती बिकास प्रति धुर	५.

नोट :- सम्पत्ति कर तथा भूमिकर (मालपोत) नतिरेको हकमा प्रति बर्ष १५% को दरले प्रत्येक वर्षको थप जरीवाना लगाई असुल उपर गरिनेछ। भूमिकर, बक्यौता तथा सो वापत लाग्ने जरिवाना समेत लगाई असुल उपर गरिनेछ। आर्थिक वर्ष २०७४/०७५ भन्दा पहिलेको बाँकी बक्यौता लाई भुमिकर (बक्यौता) को शिर्षकमा माथि उल्लेखित दररेटमा संकलन गरिनेछ।

अनुसूची (३)

दफा (४) संग सम्बन्धित

बहाल करको दररेट				
क्र.स.	विवरण	संकेत	मेशिनरी साधन	आर्थिक वर्ष ०८०/८१
३	सवारी साधन भाडा दस्तुर	३.१	टिप्पर प्रतिदिन (८ घण्टा बराबर)	२०००
		३.२	रोलर प्रतिदिन (८घण्टा बराबर)	१००००
		३.३	ब्याक हो लोडर (जे.सी.भी.) प्रति घण्टा	१०००
		३.४	ग्रेडर (प्रतिदिन ८ घण्टा बराबर)	२५०००
		३.५	ग्रेडर प्रतिघण्टा	३५००
		३.६	पानी ट्यांकर (प्रति दिन ८ घण्टा बराबर)	६०००
४	प्राविधिक सामान	३.७	कोर कटिङ मेशिन प्रति होल	५००
			टोटल स्टेशन प्रति दिन	१५००
			लेभल मेशिन प्रति दिन	७५०
			क्यूव बक्स १ वटा	२००
			सिभ सेट प्रति दिन	१०००
			वेटिङ ब्यालेन्स	२००
			प्राविधिक सामान भाडामा लगेपछि अनिवार्य रुपमा कार्यालयमा फिर्ता गर्न लगाउने दायित्व सम्बन्धित योजनामा नगरपालिकाको तर्फबाट खटिने प्राविधिक कर्मचारीको हुनेछ।	
नोट :	१) रोलर, पानी ट्यांकर न्यूनतम आधा दिन तथा ग्रेडर र जेसिभि न्यूनतम २ घण्टा भन्दा कम समयको लागि भाडामा लगाईने छैन।			
	२) यस कार्यालयबाट भाडामा लाने साधनहरुमा लाग्ने ईन्धन प्राविधिक मूल्यांकन बमोजिम प्रतिघण्टाको दरमा अग्रिम रुपमा कार्यालयमा बुझाएर समेत लैजान सकिनेछ। - रोलर, पानी ट्यांकर, ग्रेडर र जेसिभी कार्यालयबाट भाडामा लैजानु पूर्व कार्यालयले उक्त साधनमा सुरूको पटकको लागि कार्यालयबाट इन्धन पुरा (Full) टंकी भरेर पठाइने छ र अपरेटर/चालकले काम सम्पन्न गरी सकेपछि खर्च भएको इन्धन सम्बन्धित व्यक्ति वा फर्मबाट साधनमा भराई /अद्यावधिक राख्नुपर्नेछ। नभरेको अवस्थामा स्वयम अपरेटर वा चालकको जिम्मेवारी हुनेछ। - अपरेटर र हेल्पर भत्ता भाडामा लाने व्यक्ति वा संस्था/फर्मले स्वयम व्यहोर्नु पर्नेछ।			अपरेटर भत्ता प्रतिघण्टा रु.१००। र हेल्पर प्रतिघण्टा रु.५०।
	३) यस कार्यालयबाट भाडामा लाग्ने साधनहरूको रु. १५,०००।– सम्मको मर्मत संम्भार खर्च सम्बन्धित व्यक्ति/सघसंस्था फर्मले नै व्यहोर्नु पर्नेछ र सो भन्दा माथिको हकमा कार्यालयले मर्मत सम्भार गर्ने र साधन कार्यालबाट लगिसकेपछि काम सम्पन्न हुने बेलासम्मको सम्पूर्ण जिम्मेवारी स्वयम भाडामा लैजानेले व्यहोर्नु पर्नेछ।			

	४) नगरपालिकाबाट भाडामा लैजाने सवारीको समयको हकमा नगरपालिकाबाट प्रस्थान गर्दादेखि काम सम्पन्न हुन्जेलसम्मको समयको गणना हुनेछ । तोकिएको काम सम्पन्न भएपछि पनि समयमा सवारी कार्यालयमा नल्याएमा अपरेटर जिम्मेवार हुनेछ ।
	५) भाडामा लैजाने सवारी साधनको अवस्था ठिक भए/ नभएको एकिन गरेर मात्र कार्यालयबाट सवारी साधन प्रस्थान गर्नु अपरेटरको जिम्मेवारी हुनेछ । सवारी लगिसकेपछि विशेष र आकस्मिक अवस्थामा बाहेक समयमा घटबढ गर्न सकिनेछैन । कार्यालयबाट पूर्व सहमति नलिई/ राजस्व नतिरी थप समय सवारी साधन प्रयोग गरेमा उल्लेखित दरमा थप ५०% बढी शुल्क लाग्ने छ।
	६) सवारी साधनको उपलब्धताको प्राथमिकता देहाय बमोजिम हुनेछ । (क) आकस्मिक कार्य (ख) कार्यालयको आफ्नै जिम्मेवारीको काम काज (ग) कार्यालय साझेदार भएको गैर नाफामूलक कार्य (घ) नियमानुसार कार्यालयमा सम्झौता भई उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना (ङ) नगरपालिका भित्र गैर नाफामूलक संस्थाबाट सञ्चालनमा रहेका योजना (च) नगर क्षेत्र भित्रका अन्य योजना (छ) नगर क्षेत्र भन्दा बाहिरका तर नगरपालिकाका लागि महत्व राख्ने योजना (ज) नगरपालिकाको निर्णय बमोजिमका अन्य योजना
सभाहल भाडा रकम	१. नगरपालिकाको ठुलो सभाहल ए.सि. तथा फर्निचर सहितको दैनिक भाडा रकम रु. ५,०००। २. स्रोत केन्द्र भवन (गौतमबुद्ध मा.वि. को आफ्नै प्रयोजना बाहेक) दैनिक भाडा रकम रु. ५,००।

अनुसूची (४)

दफा (५) संग सम्बन्धीत

व्यवसाय करको बार्षिक/नवीकरण दररेट

	व्यवसाय			आर्थिक वर्ष
क्र.स.	**विवरण**	**कोड नं.**	**बिस्तृत विवरण**	**०८०/०८१**
१	मदिरा पसल	१.१	रक्सी, वियरको डिस्टिव्युटर्स	७,५००
		१.२	रक्सी, वियरको थोक पसल	५,५००
		१.३	रक्सी, वियरको खुद्रा विक्री पसल	४,०००
२	सुर्तीजन्य (धुम्रपान) पसल	२.१	चुरोट, विडी, सुर्तीजन्य पदार्थको डिलर पसल	७,५००
		२.२	चुरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल	४,०००
		२.३	चुरोट, विडी , सुर्तीजन्य पदार्थको खुद्रा पसल	२,५००
३	हल्का पेय पदार्थ पसल	३.१	हल्का पेय पदार्थको डिलर	२,७००
		३.२	हल्का पेय पदार्थको खुद्रा पसल	९००
४	सुन चाँदी पसल श्रेणी	४.१	सुन चाँदी पसल श्रेणी क (भ्याटमा दर्ता भएका)	४,०००
		४.२	सुन चाँदी पसल श्रेणी ख (प्यानमा दर्ता भएका)	३,०००
५	औषधी व्यवसाय	५.१	औषधी सुपर डिस्टिव्युटर्स	५,०००
		५.२	औषधी थोक तथा डिस्टिव्युटर्स	२,५००

		५.३	औषधी खुद्रा पसल (डाक्टर नभएको)	१,५००
६	आयुर्वेदिक औषधी पसल	६.१	हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल	२,०००
		६.२	हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा	१,०००
७	एग्रोभेट पसल	७.१	एग्रोभेट थोक पसल	२,०००
		७.२	एग्रोभेट खुद्रा पसल	१,०००
८	स्टेशनरी तथा पुस्तक पसल	८.१	स्टेशनरी तथा पुस्तक डिस्टिव्युटर्स	४,०००
		८.२	स्टेशनरी तथा पुस्तक थोक	२,५००
		८.३	स्टेशनरी तथा पुस्तक खुद्रा	१,५००
९	कापी उधोग	९.१	मुदण सामाग्री खरिद विक्री तथा कापी उधोग	५,०००
१०	कस्मेटिक पसल	१०.१	कस्मेटिक थोक पसल	२,२००
		१०.२	कस्मेटिक खुद्रा पसल (१ लाख देखि ५ लाख सम्मको पुँजी)	१,२००
		१०.३	कस्मेटिक खुद्रा पसल (१ लाख सम्मको पुँजी लागानी)	१०००
११	मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री	११.१	मोटर पार्ट समान विक्री तथा मर्मत	४,५००
		११.२	मोटर पार्ट समान विक्री	३,०००
		११.३	मोटर मर्मत	३,०००
		११.४	बोडी विल्डर्स (१० लाख माथि पुँजी लगानी भएको)	४,५००
		११.५	बोडी विल्डर्स (१० लाख सम्मको पुँजी लगानी भएको)	३,५००
१२	लुब्रिकेसन सेक्सन तर्फ	१२.१	लुब्रिकेसन थोक पसल	३,५००
		१२.२	लुब्रिकेशन खुद्रा पसल	१,५००
१३	प्लाई तथा ग्लास हाउस	१३.१	प्लाई तथा ग्लास हाउस थोक पसल	४,०००
		१३.२	प्लाई तथा ग्लास हाउस खुद्रा पसल	२,५००
१४	कपडा तथा फेन्सी पसल	१४.१	कपडा, फेन्सी तथा व्याग थोक पसल	३,५००
		१४.२	कपडा, फेन्सी तथा व्याग खुद्रा पसल (५ देखि ७ लाख सम्म पुँजी भएको)	२,०००
		१४.३	कपडा, फेन्सी तथा व्याग खुद्रा पसल (५ लाख सम्म पुँजी भएको)	१,५००
		१४.४	कपडा थोक पसल	२,०००
		१४.५	कपडा खुद्रा पसल	१,५००
१५	धागो टाँक फस्नर थोक पसल	१५.१	धागो, टांक फस्नर पसल	१,५००
		१५.२	धागो, टांक, फस्नर खुद्रा पसल	१,०००
१६	इलेक्ट्रोनिक पसल	१६.१	मोबाईल कम्पनी सेल्स शाखा/उप शाखा/डिष्ट्रिटिब्युटर्स/मोबाइल बेच्ने पसल	४,५००

		१६.२	इलेक्ट्रोनिक थोक पसल	३,०००
		१६.३	इलेक्ट्रोनिक खुद्रा पसल	२,०००
		१६.४	रेडियो, घडी, क्याल्कुलेटर मात्र विक्री पसल	१,०००
१७	विद्युत सामाग्री पसल	१७.१	विद्युत सामाग्री थोक पसल	३,५००
		१७.२	विद्युत सामाग्री खुद्रा पसल	१,५००
१८	हार्डवयर/मेशिनरी/पेन्ट/ सेनेटरी तथा मार्बल पसल	१८.१	मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल सम्पूर्ण	४,५००
		१८.२	थोक डिलर (छड, सिमेन्ट, हार्डवेयर) सहित	४,५००
		१८.३	पेन्टस खुद्रा पसल	३,५००
		१८.४	सेनेटरी मार्वल, टायल खुद्रा पसल	३,०००
		१८.५	छड सिमेन्ट हार्डवयेर सहित	३,०००
१९	पेट्रोलियम पदार्थ		लोकमार्गमा पर्ने	
		१९.१	पेट्रोलियम पदार्थ ३ पम्प वा सोभन्दा माथि	५५००
		१९.२	पेट्रोलियम पदार्थ २ वटा पम्प भएको	४०००
		१९.३	पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको	३०००
			शाखा सडकमा पर्ने	
		१९.४	पेट्रोलियम पदार्थ ३ पम्प वा सोभन्दा माथि	३५००
		१९.५	पेट्रोलियम पदार्थ २ वटा पम्प भएको	२५००
		१९.६	पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको	१५००
		१९.७	पेट्रोलियम पदार्थ पम्प नभएको डिलर	१५००
		१९.८	ग्यास सिलिण्डर डिलर सव डिलर	२०००
		१९.९	ग्यास सिलिण्डर डिलर थोक	३५००
		१९.१	ग्यास सिलिण्डर डिलर खुद्रा	१५००
२०	स्टील, आल्मुनियमको पसल	२०.१	स्टील, आल्मुनियमको थोक पसल	३०००
		२०.२	स्टील, आल्मुनियमको खुद्रा पसल	२०००
२१	सवारी साधन एजेन्सी तथा थोक विक्री पसल	२१.१	बस, ट्रक, ट्रयाक्टर जिप, कारको डिलर	१४०००
		२१.२	मोटरसाइकल सव–डिलर	९०००
		२१.३	मोटरसाइकल अन्य सवारी साधनको डिलर (स्वदेशी उत्पादन)	४०००
		२१.४	इलेक्ट्रिक साइकल डिलर	३०००
		२१.५	रि कन्डिसन हाउस	३०००
२२	थोक तथा एजेन्सी	२२.१	टायर डिलर चार पाङ्गे गाडी	४५००
		२२.२	पम्पिङ्ग सेट, जेनेरेटर डिलर	४०००
		२२.३	विविध विषयका सामान सप्लायर्स एजेन्सीहरु	३५००
२३.	किराना पसल		**दैनिक उपभोगका वस्तु**	
		२३.१	खाद्यान्न सप्लायर्स	२२००

		२३.२	गल्ला थोक पसल	१७००
		२३.३	खाद्यान्न, किराना थोक पसल	१७००
		२३.४	खाद्यान्न, किराना खुद्रा पसल	१२००
		२३.५	भित्री सडकमा रहेका साना किराना पसल	८००
		२३.६	आलु, प्याज, लसुन, अदुवा थोक	१२००
२४	फलफुल पसल	२४.१	फलफुल थोक पसल	२२००
		२४.२	फलफुल खुद्रा पसल	१४००
२५	तरकारी पसल	२५.१	तरकारी थोक पसल	१५००
		२५.२	तरकारी खुद्रा पसल	१०००
२६	चिकित्सक सेवा	२६.१	निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर	२०००
		२६.२	निजी सेवा संचालन गर्ने मेडिकल अफिसर	१५००
		२६.३	कविराज	१५००
		२६.४	डेन्टल होम सेवा	२५००
		२६.६	पशुचिकित्सक	१५००
२७	कानुन व्यवसायी	२७.१	लफर्म तथा कानुनी परामर्शसेवा	२०००
		२७.२	लेखा परीक्षण व्यवसाय तर्फ	२५००
		२७.३	लेखा परीक्षण (सि.ए.)	३५००
		२७.४	लेखा परीक्षण (र.ले.प.)	२५००
२८	अनुसन्धान कर्ता तथा सेवा परामर्श दाता	२८.१	विविध अनुसन्धानकर्ता	२५००
		२८.२	कम्प्युटर एनालिस्ट तथा प्रोग्रमर	२५००
		२८.३	विमा एजेन्ट	३०००
		२८.४	सर्भेयर	३०००
		२८.५	नोटरी पब्लिक अनुवादक	१५००
		२८.६	शेयर दलाल	३०००
		२८.७	ईन्जिनियरिङ कन्सलटेन्सी (यथेष्ठ प्रमाण/ आधार पेश भएका बखत)	५०००
२९.	ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय	२९.१	ढुवानी तथा ट्रान्सपोर्ट व्यवसाय	२०००
३०	भवन निर्माण व्यवसाय	३०.१	भवन निर्माण व्यवसायी	२०००
३१	सटिरङ्ग व्यवसाय	३१.१	मिक्चर तथा सटरिङ्ग सामान भएको	२५००
		३१.२	सटरिङ्ग सामानमात्र भएको	१५००
३२	वाटर डिलिङ्ग	३२.१	डिप बोरिङ्ग	५०००
		३२.२	नल्का मिस्त्री	२०००
			उत्पादन मुलक उद्योग	
३३	प्लाष्टिक उद्योग	३३.१	प्लाष्टिक उद्योग (३ लाख देखि माथि)	४५००
		३३.२	प्लाष्टिक उद्योग ३ लाख सम्म	३०००


		३३.३	प्लाष्टिक पसल	२०००
३४	चप्पल उद्योग	३४.१	चप्पल उद्योग (३ लाख देखि माथि)	३५००
		३४.२	चप्पल उद्योग ३ लाख सम्म	२५००
३५	ग्रील उद्योग	३५.१	स्टील, आल्मुनियम ग्रील उद्योग	३०००
		३५.२	फलामको ग्रील उद्योग	२०००
३६	साबुन उद्योग	३६.१	साबुन उद्योग ३ लाख माथी	३५००
		३६.२	साबुन उद्योग ३ लाख सम्म	३०००
३७	जुत्ता उद्योग	३७.१	जुत्ता उद्योग तथा जुत्ताको शोरुम	२०००
		३७.२	जुत्ताको शोरुम तथा पसल	१५००
		३७.३	जुत्ता मर्मत गर्ने	५००
३८	पशुआहार	३८.१	पशु आहर उद्योग	५०००
		३८.२	पशु पंक्षी आहार विक्री केन्द्र	२५००
३९	घरेलु कुटिर उद्योग	३९.१	अगर बत्ती उद्योग	१०००
		३९.२	मैन बत्ती उद्योग	१०००
		३९.३	टिकी उद्योग	७००
		३९.४	अचार उद्योग	७००
		३९.५	अन्य कुटिर उद्योग	७००
४०	कपडा तथा गार्मेन्ट उद्योग	४०.१	कपडा उद्योग	४०००
		४०.२	गारमेन्ट उद्योग	२०००
		४०.३	ज्याकेट तथा व्याग उद्योग	१५००
		४०.४	होजियारी तथा धागो उद्योग	१०००
		४०.५	सिरक डसना उद्योग/पसल	२५००
		४०.६	ढाका उद्योग ३ लाख माथि	१७००
		४०.७	ढाका उद्योग ३ लाख सम्म	१२००
४१	छाता, सलाई उद्योग	४१.१	सलाई उद्योग ३ लाख माथि	३५००
		४१.२	सलाई उद्योग ३ लाख सम्म	२५००
		४१.३	छाता उद्योग ३ लाख माथि	२५००
		४१.४	छाता उद्योग ३ लाख सम्म	१८००
४२	पेय पदार्थ उत्पादन उद्योग	४२.१	मिनरल वाटर उद्योग	३५००
		४२.२	पिउनेपानी सप्लायर्स	२५००
४३	आइस बरफ उद्योग	४३.१	आइसक्रीम उद्योग	१५००
		४३.२	सोडा उद्योग	१२००
४४	भाँडा उद्योग	४४.१	कांस, तामा, पित्तल, भाडा उद्योग	२५००
		४४.२	आल्मुनियम भाडा उद्योग	१८००
		४४.४	टिनको बाकस, बाल्टी, स्टोभ	१२००
४५	कुटानी , पेलानी मिल	४५.१	फलावर मिल	५०००
		४५.२	सेलर मिल	२०००
		४५.३	कुटानी, पेलानी मिल (हलर समेत)	१५००

		४५.४	घुम्ती मिल संचालन नगरपालिका क्षेत्रभित्र (दर्ता)	५०००
		४५.५	घुम्ती मिल संचालन नगरपालिका क्षेत्रभित्र (नविकरण)	२०००
		४५.६	घुम्ती मिल संचालन वडा क्षेत्रभित्र (दर्ता)	२०००
		४५.७	घुम्ती मिल संचालन वडा क्षेत्रभित्र (नविकरण)	१०००
		४५.८	चिउरा मिल	१५००
		४५.९	मसला उद्योग	१०००
४६	डेरी उद्योग	४६.१	डेरी उद्योग तथा विक्री पसल	५०००
		४६.२	डेरी विक्री पसल (दुध जन्य विक्री पसल)	१५००
४७	उपभोग्य वस्तु उत्पादन उद्योग	४७.१	कुकिज/पाउरोटी/नुडल्स उद्योग ३ लाख माथि पुँजी लगानी भएको	२०००
		४७.२	कुकिज/पाउरोटी/नुडल्स उद्योग ३ लाख सम्मको पुँजी लगानी भएको	१५००
		४७.३	कन्फेक्सनरी उद्योग ३ लाख माथि	३०००
		४७.४	कन्फेक्सनरी उद्योग ३ लाख सम्म	२०००
		४७.५	विस्कुट उद्योग ३ लाख माथि	३५००
		४७.६	विस्कुट उद्योग ३ लाख सम्म	२५००
		४७.७	दालमोट उद्योग	१२००
४८	हाइड्रोपावर सम्बन्धी पार्टउत्पादन (क)	४८.१	वायोग्यास उद्योग	५५००
		४८.२	सौर्यशक्ति उत्पादन उद्योग	४५००
४९	कृषि तथा बनजन्य उद्योग	४९.१	स-मिल/काठ उद्योग (घरेलु तथा साना उद्योग कार्यालय वा कुनै सम्बन्धित निकायबाट दर्ता भएकाको हकमा मात्र)	३५००
		४९.२	काठको फर्निचर उद्योग	२५००
		४९.३	काठको फर्निचर शोरुम	२०००
		४९.४	बेतबाँसको उद्योग/व्याम्बो शोरुम	१०००
५०	नदीजन्य पदार्थको प्रशोधन/ क्रेसर उद्योग	५०.१	कंक्रिट ब्लक	२५००
		५०.२	सेनेटरी उद्योग तथा व्यवसाय	२५००
		५०.३	क्रेसर उद्योग (तोकिएको मापदण्ड पुरा भएको बखत)	११०००
		५०.४	गिट्टी,बालुवा प्रशोधन केन्द्र	८०००
५१	होटल लज एण्ड रेष्टुरेण्ट		**पर्यटन उद्योग**	
		५१.१	पार्टी प्यालेस	३०००
		५१.२	होटल, लज एण्ड रेष्टुरेण्ट	५५००
		५१.३	होटल, भोजनालय, रेष्टुरेण्ट एण्ड लज ३ लाख सम्म	३०००

		५१.४	होटल, भोजनालय, रेष्टुरेण्ट एण्ड लज ३ लाख सम्म	२०००
		५१.५	दोहोरी साँझ	३५००
		५१.६	फास्टफुड तथा क्याफे / चिया नास्ता पसला	१५००
		५१.७	मिष्ठान पसल ३ लाख माथि	२५००
		५१.८	मिष्ठान पसल ३ लाख सम्म	१५००
		५१.९	क्याटरिङ्ग/टेण्ट हाउस	४५००
५२	टेण्ट हाउस	५२.१	विजुली डेकोरेशन/वैण्ड बाजा सहितको टेण्ट हाउस	३५००
		५२.२	विजुली डेकोरेशन सहितको टेण्ट हाउस	३०००
		५२.३	विजुली डेकोरेशन रहितको टेण्ट हाउस	२५००
			सेवा उद्योग	
५३	छापाखाना	५३.१	अफसेट प्रेस	३५००
		५३.२	स्क्रिन प्रिन्ट	१५००
५४	सिनेमा हल	५४.१	सिनेमा हल	१७००
		५४.२	फिल्म डिस्ट्रिव्युटर्स	१५००
५५	कलरल्याव सेवा	५५.१	कलरल्याब सेवा	२५००
		५५.२	भिडियो मिक्सिङ	१५००
		५५.३	फोटो स्टुडियो सेवा	१५००
५६	संचार सेवा	५६.१	टेलिफोन, मोबाईल सेवा प्रदायक कम्पनीलाई प्रति टावर (बार्षिक)	३०००
		५६.२	एफ.एम. प्रसारण सेवा	४०००
		५६.३	प्रत्र पत्रिका प्रकाशन सेवा	५०००
		५६.४	टुर एण्ड ट्राभल्स सेवा	२०००
		५६.५	फोटोकपी/ साइबर सेवा	२५००
		५६.६	कुरियर सेवाको शाखा कार्यालय	१२००
५७.	वित्तीय सेवा	५७.१	वाणिज्य बैंक मुख्य कार्यालय	५००००
		५७.२	वाणिज्य बैंक प्रति शाखा कार्यालय	२७०००
		५७.३	विकास बैंक मुख्य कार्यालय	४००००
		५७.४	विकास बैंक प्रति शाखा कार्यालय	२५०००
		५७.५	फाइनान्स कम्पनी मुख्य कार्यालय	२००००
		५७.६	फाइनान्स कम्पनी प्रति शाखा कार्यालय	१५०००
		५७.७	लघुवित्त कम्पनीहरु	१०००
		५७.८	विमा कम्पनीहरु	१२०००
		५७.९	कृषि सहकारी संस्था	१०००
		५७.१०	बहुउद्देश्यिय सहकारी संस्था	१५००
		५७.११	वचत तथा ऋण सहकारी संस्था	२०००

		५७.१२	रेमिटान्स तथा मनी एक्सचेन्जर	२५००
		५७.१३	बैक तथा वित्तिय संस्था आबद्ध शुल्क	७५००
		५७.१४	कुनै वडामा बित्तिय संस्था संचालन गर्दा नगरपालिका केन्द्र नपर्ने सम्बन्धमा सिफारिस दस्तुर	५०००
५८	स्वास्थ्य सेवा व्यवसाय		**स्वास्थ्य सेवा**	
		५८.१	गैह्रसहकारी अस्पताल	५०००
		५८.२	नर्सिङ्गहोम /क्लिनिक	५०००
		५८.३	एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक	३५००
		५८.४	पोली क्लिनिक, मेडिकल, प्यथोलोजिक	६०००
		५८.५	प्याथोलोजी (दिशा, पिसाब, रगत जाँच)	१५००
		५८.६	अक्युपन्चर, फिजियोथेरापी, स्वास्थ्य क्लिनिक	१५००
		५८.७	एक्सरेक्लिनिक	३५००
		५८.८	चश्मा पसल	१०००
५९	इन्स्टिच्युट, तालिम तथा अनुसन्धान केन्द्र	५९.१	पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत	५५००
		५९.२	नर्सिङ्ग, सिए.एम.र एच.ए. प्रशिक्षण समेत	५५००
		५९.३	एजुकेशनल कन्सल्टेन्सी सेवा	३०००
		५९.४	कम्प्युटर/इलेक्ट्रोनिक तालिम केन्द्र	२०००
		५९.५	सवारी चालक तालिम केन्द्र	३५००
		५९.६	भाषा शिक्षा इन्टिच्यूट, कोचिङ्ग सेन्टर	२०००
		५९.७	अर्न्तराष्ट्रिय संस्था (व्यावसयिक कारोबार गर्ने)	६०००
		५९.८	राष्ट्रिय संस्था	४०००
६०	बोडी विलडर्स सेक्सन तर्फ		**मर्मत तथा संभार सेवा**	
		६०.१	नयाँ बोडी बनाउने (५ लाख भन्दा माथि)	५०००
		६०.२	नयाँ बोडी बनाउने (५ लाख सम्म)	४५००
		६०.३	बोडी मर्मत गर्ने	३५००
६१	लेथ सेक्सन तर्फ	६१.१	लेथ मेशिन	२०००
६२	टायर सेक्सन तर्फ	६२.१	टायर डिलर शोरुम	४०००
		६२.३	टायर रिसोलिङ्ग श्रेणी	४०००
		६२.४	टायर पन्चर मर्मत	१५००
६३	इन्जिन मर्मत सेक्सन तर्फ	६३.१	इन्जिन मर्मत (५ लाख माथि)	३५००
		६३.२	इन्जिन मर्मत (५ लाख सम्म)	२५००
		६३.३	इन्जिन मर्मत (१ लाख सम्म)	२०००
६४		६४.१	पेन्टिङ्ग/डेन्टिङ्ग/बेल्डिग सेवा	१५००

	पोन्टिङ्ग/डेन्टिङ्ग/बेल्डिग सेक्सन तर्फ	६४.२	पम्प सेक्सन मर्मत (१ लाख माथि)	२२००
		६४.३	पम्प सेक्सन मर्मत (१ लाख सम्म)	१७००
६५	व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ	६५.१	व्याट्री/इलेक्ट्रिक सेक्सन (१ लांख माथि)	१२००
		६५.२	व्याट्री/इलेक्ट्रिक सेक्सन (१ लांख सम्म)	१०००
६६	वासिङ्ग सेक्सन तर्फ श्रेणी "क"	६६.१	वासिङ्ग सेक्सन	१०००
६७	रिक्सा, साइकिल	६७.१	रिक्सा साइकिल विक्री पसल	२०००
		६७.२	रिक्सा, साइकिल मर्मत तथा पार्टस विक्री पसल	१५००
६८	अटोसम्बन्धी अन्य सेवा	६८.१	मोटर साइकल मर्मत	१५००
		६८.२	कमानी पट्टा मर्मत	१५००
		६८.३	रेडियटर मर्मत	१५००
		६८.४	सिट मेकिग तथा ग्रिसिंग सेवा	१५००
		६८.५	हेड मर्मत सेक्सन	१५००
६९	अन्य मर्मत सेवा	६९.१	टि.भी., डेक, फ्रिज, कम्प्युटर, मोबाइल मर्मत पसल	२०००
		६९.३	रेडियो, घडी मर्मत पसल	१५००
		६९.४	अन्य मर्मत पसल	१२००
७०	हेभि इक्युवमेन्ट तथा कवार्डपसल	७०.१	हेभि इक्युवमेन्ट खरीद/विक्री (१० लाख माथि)	६५००
		७०.२	हेभि इक्युवमेन्ट खरीद/विक्री (१० लाख सम्म)	४५००
		७०.३	अन्य कवार्ड खरिद विक्री	३५००
७१	अन्य सेवा	७१.१	वैदेशिक रोजगार परामर्शसेवा शाखा कार्यालय	५०००
		७१.२	सेवा परार्मशदाता	२०००
७२	ड्राइक्लिनिक, सैलुन तथा व्युटिपार्लर	७२.१	व्युटि पार्लर सेवा व्युटिशियन तलिम सहित	१८००
		७२.२	व्युटि पार्लर सेवा	१२००
		७२.३	कालिगढ सहितको सैलुन सेवा	१५००
		७२.४	सैलुन २ सिट सम्मको सैलुन सेवा	१०००
		७२.५	ड्राइक्लिनिक सेवा	१२००
७३	साईन बोर्ड आर्ट व्यवसाय	७३.१	डिजिटल आर्ट व्यवसाय	१८००
		७३.२	अन्य आर्ट व्यवसाय	१०००
७४	पशु बधशाला	७४.१	पशु बधशाला	१८००
७५	पशुको छाला संकलन तथा विक्री केन्द्र	७५.१	पशुको छाला संकलन तथा विक्री केन्द्र	१५००



७६.	फ्रेस हाउस	७६.१	माछा, मासुमध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउँमा भएको	२५००
		७६.२	माछा, मासुमध्ये कम्तिमा २ वटा सेवा एकै ठाउँमा भएको	१८००
		७६.३	मासुविक्री पसल (कुनै एक प्रकारको सेवा मात्र भएको)	१२००
		७६.४	ताजा माछा, सिद्रा विक्री पसल	१२००
		७६.५	अण्डा विक्री पसल	१२००
७७	पुल हाउस	७७.१	स्नुकर तथा पुल दुवै भएको	२५००
		७७.२	स्नुकर	२०००
		७७.३	पुल हाउस	१२००
७८	भाडा पसल, किचन सामाग्री	७८.१	भाँडा तथा किचत सामाग्री थोक पसल	३०००
		७८.२	भाँडा तथा किचन सामाग्री पसल	२३००
		७८.३	साधारण भाँडा खुद्रा पसल	१७००
७९	खेलौना पसल	७९.१	खेलौना पसल	१५००
८०	फोटोफ्रेम पसल	८०.१	फोटोफ्रेम पसल	१२००
८१	सिलाई मेसिन मर्मत तथा सिलाई पसल	८१.१	सिलाई मेशिन विक्री पसल	२०००
		८१.२	सिलाई पसल टेलर्स	१०००
		८१.३	सिलाई मेसिन मर्मत पसल	१५००
		८१.४	बुटिका ल्याब्रटोरी	१२००
८२	ईटाभट्टा उद्योग (वार्षिक)	८२.१	नगर क्षेत्र भित्र सञ्चालनमा रहेका	५००००
८३	ठेला घुम्ती पसल (वार्षिक)	८३.१	नगर क्षेत्र भित्र ठेला घुम्ती पसल सञ्चालनमा रहेका	१५००
८४	कृषि तथा पशुजन्य ब्यवसाय	८४.१	कृषिजन्य पदार्थ थोक बिक्री	१५००
		८४.२	कृषिजन्य पदार्थ खुद्रा बिक्री	१०००
		८४.३	कृषि तथा पशु फर्म सानो	२००
		८४.४	कृषि तथा पशु फर्म मझौला	३००
